## कोभिड -१९ विशेषांक

# ई-खबरपत्र

त्रैमासिक प्रकाशन, नेपाल नगरपालिका संघ, कर्णाली प्रदेश

अंक ०३ , वर्ष १                                    अवधि : २०७७ /७८ माघ - आषाढ



रत्न वहादुर खड्का, संयोजक , नेपाल नगरपालिका संघ कर्णाली प्रदेश

### संयोजकको संदेश...

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को माहामारीको पहिलो लहरवाट तङ्गिन नपाउदै दोश्रो लहरले पुरै देश आक्रान्त भएको छ । यस माहामारीको नियन्त्रणमा पुरै देश एक भएर लागेको र अझ विशेष गरेर यस कार्यमा स्थानिय तहहरुको भुमिका प्रभावकारी रहेको तथ्य गत वर्षको अनुभवले वताएको छ र यस अवस्थालाई सवै तिरवाट महशुस भई प्रशंसा समेत भएको थियो ।

अहिलेको माहामारी गत वर्षको भन्दा अझ घातक विशेषता सहित तिव्र रुपमा फैलिएकोले यस्को नियन्त्रण थप चुनौतिपुर्ण रहेको छ । अर्कोतर्फ सिमित श्रोत साधनले यस घातक माहामारी विरुद्ध जुध्न निश्चयनै कठिन अवस्था रहेता पनी जनताका चासोहरु जोडिएको विषयमा निरन्तरको चासो र खटाईले आम रुपमा माहामारी फैलन नदिई नियन्त्रणको अवश्थामा राख्न अद्यापी सफल भइरहेका छन । आवश्यक श्रोत र जनशक्तिको अभावमा पनी जिम्मेवारीका साथ माहामारी फैलिन नदिन आफ्ना नागरिकको स्वास्थ्य सुरक्षामा स्थानिय सरकारहरु अथक प्रयासमा जुटिरहेको अहिलेको यथार्थ हो ।

यस विषम परिस्थितिको विरुद्ध लड्न स्थानिय सरकारहरुले कुनै कसुर वाँकी नराखेको तर त्यो पर्याप्त नभएको महशुस भएकै छ । यो अवस्थालाई चिर्न संघ/प्रदेश सरकारहरुवाट स्थानिय सरकारहरुलाई यथोचित श्रोत साधनको सहयोग आवश्यक रहेको छ । त्यसै गरि अन्य सरोकारवाला संघ/संस्थाहरुवाट समन्वय सहयोगको अपेक्षा गर्दछौं ।

र अन्त्यमा, यस माहामारी विरुद्ध निरन्तर रुपमा नागरिकको सेवामा तल्लीन रहनु भएका जनप्रतिनिधिहरु, कर्मचारीहरु, निरन्तर समन्वय र सहकार्य गर्नु भएका संघ/प्रदेश सरकारका निकायहरु, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरु, संघ संस्थाहरु सम्पुर्णमा धन्यवाद ।

शिघ्र कोरोना मुक्त समाजको निर्माण होस.....

धन्यवाद !!!

### सम्पादकीय....

नियमित रुपमा आफ्ना गतिविधिहरु र सदस्य नगरपालिकाहरुवाट भए गरेका अनुकरणिय कार्यहरु समावेश गरि एक अर्काको कार्यानुभव आदान प्रदानको अर्को श्रृखंला यहाँहरुमाझ प्रस्तुत गर्दा खुशी लागेको छ ।

अहिले देश नयाँ भेरियन्ट सहितको कोभिड १९ को माहामारीवाट गुज्रिरहेको रहेको छ र सवै स्थानिय सरकारहरु, संघ/प्रदेश सरकारहरु तथा अन्य संघ संस्थाहरुसंग हातेमालो गर्दै यस माहामारीको दोश्रो लहर संग जुध्दै यस्को नियन्त्रण र नागरिकको जिवन सुरक्षामा लागी जिम्मेवारीपुर्वक तल्लीन रहेका छन् ।

यसै सन्दर्भमा नगरपालिकाहरुवाट यस माहामारी विरुद्ध जुध्न भएका प्रयासहरु/ जनप्रतिनिधिहरु अनुभवलाई समेटी निरन्तर रुपमा प्रकाशनको रुपमा आईरहेको यस ई खवर पत्रिकामा अनुभव/सिकाई आदान प्रदान गर्नका लागी नगर प्रमुख तथा उप प्रमुखज्युहरुको कोभिड १९ व्यवस्थापनमा केन्द्रित भएर सवैलाई तिनवटा प्रश्नहरुमा आधारित अन्तरवार्ता समावेश गरि कोभिड विशेषांकको रुपमा यो अंक यहाँहरु माझ आएको छ र यस्ले आगामी दिनहरुमा संकट व्यवस्थापनमा सिकाई हुने अपेक्षा गरिएको छ ।

# कोभिड १९ नियन्त्रणमा कर्णाली प्रदेशका नगरपालिकाहरु...........

## विषयसूची


*संयोजकको संदेश* १
*सम्पादकिय* १

अन्तर्वाता ( श्री सुर्य वहादुर शाही , नगर प्रमुख चामुण्डा विन्द्रासैनी नगरपालिका ) २

अन्तर्वाता ( श्री गगन सिहं सुनार नगर प्रमुख , लेकवेंशी नगरपालिका ) ३

अन्तर्वाता ( श्री रेणु आचार्य का.वा. नगर प्रमुख , लेकवेंशी नगरपालिका ) ४ ५

वीरेन्द्रनगर नगरपालिकामा अक्सिजनसहित २५शैयाको कोभिड अस्पताल स्थापना ५

फोहोरमैला व्यवस्थापनमा गुर्भाकोट नगरपालिका ५

अन्तर्वाता ( श्री भावना भण्डारी नगर उप प्रमुख , लेकवेंशी नगरपालिका ) ६


**☞ नयाँ भेरियन्ट सहित दोस्रो चरणको कोरोना महामारीको व्यवस्थापन कसरी गर्नुभएको छ ?**

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ को तेस्रो भेरिएन्ट समेत देखा परिसकेको हुनाले यसले तुलनात्मक रुपमा पहिलो चरणभन्दा फरक विशेषता गुण बोकेर देखा परेकाले अवस्था अलिक जटिल र थप डर लाग्दो भएपनि यसको खासै प्रभाव हाम्रो पालिकामा देखिएको छैन ।

हामीले कोभिड जाँचका लागी लयाटिविन्द्रासैनी स्वास्थ्य चौकीमार्फत एन्टिजेन परिक्षण गरि संक्रमण देखिएमा एलोपेथिक तथा आर्युवेदिक उपचार तथा उचित सल्लाहसहित सुरक्षित होम क्वारेन्टाइनमा वस्ने सल्लाह दिने गरेका छौं साथै वडाका सामुदायिक स्वास्थ्य संस्थामार्फत नगरवाट उचित रेखदेख तथा उपचार गर्ने गरेको र होम क्वारेन्टाइनमा वसेका व्यक्तिमा थप जटिल समस्या देखिएमा १५ वेडको आइसोलेशनको व्यवस्था गरिएको छ ।

अहिले सम्म जम्मा ३० जना संक्रमित भएकोमा १ जनालाई थप उपचारको लागि सुर्खेत रेफर गरिएको छ, २३ जना संक्रमणमुक्त भइसकेका र ६ जना हाल होम आइसोलेसनमा सामान्य अवस्थामा रहेका छन् ।

**☞ महामारी नियन्त्रणमा स्थानीय प्रशासन,स्वास्थ्य संस्था,संघ/प्रदेश सरकार तथा अन्य सरोकार संघ संस्थाहरुको समन्वय सहयोग कस्तो रहेको पाउनु भयो ?**

स्थानिय प्रशासन, स्वास्थ्य संस्था, प्रदेश र संघ सरकार सबैको सहयोग समन्वय अनुगमनवाट नै हाम्रो पालिका तुलनात्मक रुपमा संक्रमण दर कम देखियो यो हामी एक्लैको प्रयासले परिस्थितीमा हामी सबैको सम्भव थिएन । त्यसैले यस विषमा उत्तिकै देन छ साथै भौतिक सहयोग गर्नेहरु दोस्रो चरणमा मात्र **सेवक** दैलेख र एभरेष्ट क्लव दैलेख रहे जस मार्फत



स्थानिय प्रशासन, स्वास्थ्य संस्था, प्रदेश र संघ सरकार सवैको सहयोग र समन्वयवाट नै तुलनात्मक रुपमा संक्रमणदर कम देखियो......सुर्य वहादुर शाही, नगर प्रमुख चामुण्डा विन्द्रासैनी नगरपालिका

संक्रमण व्यवस्थापन तथा रोकथामको लागि सुरक्षा सामाग्रीहररु प्राप्त भइ सर्वसाधारण जनता र कर्मचारीहरुलाइ वितरण गरिएको छ । हामीले यो महामारी नियन्त्रण गर्नका लागी घरदैलोमा स्वास्थ्य सेवा, रेडियो मार्फत जनचेतना मुलक कार्यक्रम,पर्चा,पम्पेलेट वितरण, माइकिङ गर्दै सुचना सम्प्रेषण र सामाजिक दुरी कायम गर्दै घरदैलोमा गएर सेवा प्रवाह गरीररहेका छौं ।

**☞ प्रतिकार्य र व्यवस्थापनमा आएका प्रमुख चुनौतीहरु के के हुन ?**

संक्रमण व्यवस्थापनमा विद्यमान चुनौतीहरु वुंदागतरुपमा राख्दा निम्न अवस्था पाएका छौं ...

- दक्ष चिकित्सकको अभाव, सुविधा सम्पन्न आइसोलेसनको अभाव, प्रयाप्त स्वास्थ्य सामाग्रीको कमि हुनु ।
- काम गरिखाने बर्गको दैनिक जिविकोपार्जनमा असहजता भईरहेको छ
- आर्थिक वर्ष अन्त्य भएकाले अधिकांश कार्य सम्पन्न गरिसक्नु पर्ने चुनौति रहेको ।
- काम तथा रोजगारीका सिलसिलामा भारत तथा तेस्रो मुलुक गएर फर्किने मान्छेको तुलनात्मक रुपमा क्वारेन्टाइनमा राख्न नसकिएको अवस्था छ ।




**विभिन्न सम्झौता हुन बाँकी योजनाहरू कटाई कोभिड व्यवस्थापन लगाइएको छ .... गगन सिंह सुनार , नगरप्रमुख , लेकवेशीं नगरपालिका**

☞ **नयाँ भेरियन्ट सहित दोस्रो चरणको कोरोना महामारीको व्यवस्थापन कसरी गर्नुभएको छ ?**

विश्वमा दोस्रो चरणको रूपमा फैलिएको महामारी कोभिड -१९ ले विश्वका विकसित तथा अल्पविकसित हुँदै हाम्रो नजिकको छिमेकी मित्र राष्ट्र भारत हुँदै नेपालमा समेत त्रासको रूपमा फैलिएको र यस्ले लेकवेशी नगरपालिकालाई पनि प्रभावित तथा भयभित तुल्यायो । कोभिड १९ नियन्त्रण तथा व्यवस्थापनको लागि लेकवेशी नगरपालिकाले संक्रमितको पहिचान तथा नियन्त्रण व्यवस्थापनका लागि कार्यपालिका बैठक, सर्वदलीय बैठक, विपद् व्यवस्थापन समितिको बैठक र समय सापेक्ष सरोकारवाला निकायहरूसँग समन्वय गरी कार्य अगाडी बढायो ।

लेकवेशी नगरपालिका वडा नं. ४ दशरथपुरको कृषि अनुसन्धान केन्द्र परिसरमा रहेको भवनमा १५ बेड क्षमताको आइशोलेसन केन्द्र स्थापना गरी संक्रमित व्यक्तिहरूको उपचारको व्यवस्थापन पनि मिलाइएको छ । उक्त आईशोलेसन स्थापना गर्ने क्रममा लेकवेशी नगरपालिकामा आकस्मिक रूपमा कार्यपालिकाको बैठकको निर्णयबाट विपद् व्यवस्थापन शिर्षकमा छुट्याइएको रकम प्रयोग गरी अक्सिजन सिलिण्डर, कन्सन्ट्रेटर लगायत उपचारका लागि आवश्यक पर्ने विभिन्न स्वास्थ्य सामाग्रीहरू तथा औषधी खरिद प्रक्रिया अगाडी बढाई व्यवस्थापन गरियो ।

**कोभिड १९ वाट संकमण भई उपचारमा रहनु भएका सम्पुर्ण नगरपालिका पदाधिकारी एवं कर्मचारीहरुमा शिघ्र स्वास्थ्य लाभको कामना .....**

नेपाल नगरपालिका संघ, कर्णाली प्रदेश

कोभिड १९ महामारीले लेकवेशी नगरपालिकामा मानवीय क्षति समेत तुल्याएकोले थप स्वास्थ्य सामाग्री तथा औषधीजन्य सामाग्री खरीद गरी उपचार गर्न करिब १ करोड रूपैयाँ विभिन्न सम्झौता हुन बाँकी योजनाहरू कटाई कोभडि व्यवस्थापन गर्ने उद्देश्यका साथ कार्य आरम्भ गरिएको साथै लेकवेशी नगरपालिका नगर स्वास्थ्य शाखा अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई संक्रमितहरूको उपचारका लागि आईशोलेसन केन्द्र तथा संक्रमित पहिचानका लागि विभिन्न ठाउँहरूमा पि.सि.आर. टेस्ट तथा एन्टिजेन टेष्टको लागि खटाईएको समेत जानकारी गराउँदछु ।

☞ **महामारी नियन्त्रणमा स्थानीय प्रशासन,स्वास्थ्य संस्था,संघ/प्रदेश सरकार तथा अन्य सरोकार संघ संस्थाहरुको समन्वय/ सहयोग कस्तो रहेको पाउनु भयो ?**

कोभिड १९ को नयाँ भेरियन्टको दोस्रो लहर महामारी नियन्त्रण तथा व्यवस्थापनमा स्थानीय प्रशासन, स्वास्थ्य संस्था, संघ, प्रदेश सरकार, राजनीतिक दल, सुरक्षाकर्मी तथा अन्य सरोकारवाला संघ संस्थाहरूको समन्वय तथा सहयोग राम्रो भएको पाइयो । संघ तथा प्रदेश सरकारलाई लेकवेशी नगरपालिकाले संक्रमितको उपचारका लागि अक्सिजन सिलिण्डर, कन्सन्ट्रेटर, स्यानिटाईजर लगायत कोभिड १९ सँग सम्बन्धित अन्य सामाग्रीहरू खरिदका लागि आवश्यक बजेटको माग गरेका छौ । कतिपय संघ संस्थाहरूले कोभिड १९ व्यवस्थापन तथा नियन्त्रणका लागि स्वास्थ्य सामाग्रीहरू उपलब्ध गराई सहयोग गर्नु भएको छ । यस्तो महामारीमा समन्वय तथा सहयोग गरेकोमा सरोकारवाला संघ /संस्थाहरूलाई धन्यवाद दिन चाहन्छौ ।

त्यसै गरि संघ तथा प्रदेश सरकारले तत्कालै कोभिड १९ नियन्त्रण तथा व्यवस्थापन कार्यमा आवश्यक बजेट दिनु हुनेछ भन्ने अपेक्षा समेत राखेका छौ । समग्रमा दोस्रो चरणको कोरोना महामारी नियन्त्रणको सन्दर्भमा स्थानीय प्रशासन, स्वास्थ्य संस्था, संघ, प्रदेश सरकार, राजनीतिक दल, सुरक्षाकर्मी तथा अन्य सरोकारवाला संघसंस्थाहरूको लेकवेशी प्रति ध्यान केन्द्रित भएको महशुस गरेका छौ ।

☞ **प्रतिकार्य र व्यवस्थापनमा आएका प्रमुख चुनौतीहरु के के हुन ?**

कोभिड १९ को यस महामारीमा लेकवेशी नगरपालिकाको लागि चुनौतिको रूपमा रहेको छ । प्रतिकार्य र व्यवस्थापनमा आएका प्रमुख चुनौतीहरूको कुरा गर्दा भौतिक संरचनाको अभाव, संक्रमितको उपचारका लागि आवश्यक स्वास्थ्य सामाग्रीहरू आपूर्तिमा कठिनाई र यथेष्ट सामाग्रीको अभावले मानवीय क्षति हुने जस्ता रहेका छन् । अर्कोतर्फ संक्रमितहरूलाई सामाजिक रूपमा हेर्ने दृष्टिकोण नकारात्मक रहने गरेको पनी पाईएको छ ।

प्रधान सम्पादक
रत्न बहादुर खड्का

सम्पादक
रमेश सुनाम

सम्पर्क कार्यालय :
नेपाल नगरपालिका संघ,
कर्णाली प्रदेश,
वीरेन्द्रनगर, सुर्खेत

फोन : ९८५११०९०५३

ईमेल :
rsunam@gmail.com
arnali@muannepal.org.np



कोरोना पुष्टि भई होम आईसोलेसनमा बसेकाहरुलाई नगरद्वारा स्वास्थ्य सामाग्री लगायत पोषण कोसेली स्वरुप १ क्यारेट अण्डा घर भेट गरि वितरण गरिएाको छ ..रेणु आचार्य, का.वा. नगर प्रमुख , भेरीगंगा नगरपालिका

**☞ नयाँ भेरियन्ट सहित दोस्रो चरणको कोरोना महामारीको व्यवस्थापन कसरी गर्नुभएको छ ?**

कोभिड माहामारीको दोश्रो लहरले सवै ठाँउ जस्तै भेरीगंगा नगरपालिकामा पनी आक्रान्त वनाएको छ । यस माहामारी नियन्त्रण गरि नागरिकको स्वास्थ्य अवस्था ठिक राख्न जन प्रतिनिधिको हैसियतले जिम्मेवारी वढि रहेको छ सोही अनुरुप यस माहामारीको नियन्त्रण गर्न २०७८/०१/१४ गते बसेको विपद् ब्यवस्थापन समितिको आकस्मिक बैठक वसी नगर उप-प्रमुखको संयोजकत्वमा स्थानिय प्रहरी,उध्योग बाणिज्य संघ,रेडक्रस,युवाक्लव,स्वास्थ्य शाखाका प्रतिनिधि सम्मिलित नगर स्तरिय कोभिड रोकथाम तथा निगरानी समुहको गठन गरी सम्पुर्ण गतिबिधिहरु यसै समिती मार्फत गर्ने निर्णय गरियो । नगरपालिका स्तरमा पनी नगरकार्यपालिकाको बैठकबाट बिभिन्न बिकास बजेटका रकमहरु रकमान्तर गरी रु ७१,००,०००(एकहत्तर लाख)को कोभिड कोष निर्माण गरि यसै कोष मार्फत सम्पुर्ण खर्चहरु गर्ने निर्णय गर्‍यौं ।

यसै अन्तर्गत यस नगरपालिका वडा नं ११ राताचौर स्थित कोभिड-१९ अस्थायी अस्पताललाई पुर्ण रुपमा संचालन गर्न १ जना मेडिकल अधिकृत ,१ जना स्टाफ नर्स र १ जना कार्यालय सहयोगीको सम्झौता नबिकरण गरि कामकाज शुरू गर्‍यौं र नगरपालिकामा कार्यरत ६ जना बिधालय नर्स र थप जनशक्तिलाई कोभिड अस्पतालमा कामकाज गर्न तुरुन्त खटाईन्का साथै अस्पताललाई आवश्यक पर्ने औषधि,उपकरण र अक्सिजन सिलिण्डर( २० वटा) खरिद गरि २४ सै घण्टा सेवा दिने गरि आइसोलेसन सेन्टरको रुपमा बिकास गर्‍यौं । र अहिले ५ वटा अक्सिजन कन्सन्ट्रेटर खरिदको प्रकृयामा रहेको छ ।

फ्रन्टलाईनमा कार्यरत जनशक्तिहरुलाई खाईपाई आएको तलबमानको ८०,७५ र ५० प्रतिशत प्रोत्साहन भत्ताको ब्यवस्थापन गरि परिक्षणको दायरा बढाउन हप्ताको तिन दिन निशुल्क एन्टिजिन र पिसिआर जाँचको ब्यवस्था मिलाईएको छ भने होम आसोलेसनमा बस्ने ब्यक्तिहरुलाई वडा अनुसार स्वास्थ्यकर्मिहरुको निगरानीमा राखि फोन तथा प्रत्यक्ष भेटघाटबाट स्वास्थ्य सेवा तथा सुझाव दिने ब्यबस्थापन गरिएको छ । त्यस्तै जनचेतनाको लागी स्थानिय एफ.एम बाट चेतनामूलक सामाग्रिहरु प्रसारण तथा माइकिङ समेत गरिएको छ ।

त्यसै गरि सिआईसिटि गर्नका लागी प्रत्येक स्वास्थ्य संस्था प्रमुखहरुलाई संचार खर्च सहित खटाईएको छ भने नगरका २ वटै एम्बुलेन्स तयारी अवस्थामा राखि सिकिस्त बिरामिहरुलाई अस्पताल सम्म निशुल्क पठाउने ब्यवस्था मिलाउनुका साथै कोरोना पुष्टि भई होम आईसोलेसनमा बसेकाहरुलाई नगर द्वारा स्वास्थ्य सामाग्री लगायत पोषण कोसेली स्वरुप १ क्यारेट अण्डा घर भेट गरि जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरुको उपस्थितिमा बितरण गरिएको छ ।

त्यसै गरि कोरोना रोगबाट मृत्यु भएकाहरुको शव ब्यवस्थापन गर्न छिमेकी तिन वटा पालिकाहरु ( गुर्भाकोट,लेकबेशी,सिम्ता) संग संयुक्तरुपमा शव वाहान ब्यवस्थापन र शव अन्त्येष्टिको ४ वटा स्थानिय तहहरु ( भेरीगंगा,गुर्भाकोट,लेकबेशीं र सिम्ता) ले नेपाली सेना (नयाँ सबुज गण"ख" गुल्म)लाई चाहिने आवश्यक सामाग्री तथा गाडिको ब्यवस्थापन गरेका छ ।

**☞ महामारी नियन्त्रणमा स्थानीय प्रशासन,स्वास्थ्य संस्था,संघ/प्रदेश सरकार तथा अन्य सरोकार संघ संस्थाहरुको समन्वय/ सहयोग कस्तो रहेको पाउनु भयो ?**

यस्मा हामीले सम्पुर्ण सरोकारवाला सहयोगी संघ संस्थाहरुलाई सहयोगको लागी पत्राचार

गर्‍यौं र केहिबाट सहयोग प्राप्त गरेका छौं र केही सामाग्रिहरु आउने क्रम जारी भएको छ।

अर्को तर्फ स्थानिय प्रशासन संगको समन्वयमा लकडाउनलाई प्रभावकारी बनाउन र हुनसक्ने कालोबजारी रोक्न निरन्तर बजार अनुगमन गरिरहेका छौं। प्रदेश र संघिय सरकारलाई पत्राचार गरि सहयोगको लागी आह्वान गरेका छौं तर हाल सम्म पनि कुनै सहयोग प्राप्त भएको छैन।

**☛प्रतिकार्य र ब्यबस्थापनमा आएका प्रमुख चुनौतीहरु के के हुन?**

गत वर्षको पहिलो लहरमा जस्तै अहिले पनी हामी आफ्नो सम्पुर्ण तागत लगाएर यस माहामारी संग जुध्न र थप फैलन नदिन प्रयास गरिरहेका छौं र यस्मा सरोकारवालाहरुवाट पनी सहयोग प्राप्त भएको छ। तर जुन रुपमा हुनु पर्ने हो त्यो नभएको अवस्था छ। जस्तो प्रदेश तथा संघिय सरकारसंग समन्वयमा समस्या देखिएको छ। सहयोगको आह्वान गरे पनी सहयोगमा न्यायोचित ब्यबहार नगरिएको अवस्था छ।

उग्र रुपले फैलिएको माहामारीमा सिमित जनशक्तिको कारण व्यवस्थापनमा समस्या व्यहोका छौं भने अर्को तर्फ विरामीको चाप अनुसार आक्सिजन, भेन्टिलेटर नहुनु र माथिल्लो निकायका अस्पतालको चापले बिरामी ब्यबस्थापनमा चुनौती रहृयो। त्यसै गरि पालिकामा प्रयोगशाला नहुँदा जिल्लामा पठाईएको पिसिआर रिपोर्टमा ढिलाइ हुने र त्यसक्रममा रोग फैलन सक्ने समस्या रहेको छ भने प्रादेशिक अस्पतालमा सबै स्वास्थ्य सेवा निशुल्क नहुँदा गरिब तथा बिपन्न नागरिकलाई सेवा लिन कठिनाइ रहेको छ।

*छोटकरीमा ...*

## फोहोरमैला व्यवस्थापनमा गुर्भाकोट नगरपालिका.....





सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिकाले संघीय सरकारको सशर्त अनुदान रकम रु ६० लाखवाट फोहर व्यवस्थापन केन्द्र निर्माण गरेको छ। नगरपालिकाको वडा नं. ९ मा निर्माण भएको यस केन्द्रमा कुहिने फोहर र नकुहिने फोहर श्रोतमा छुट्टयाउने गरी सेग्रीगेसन हाउस समेत निर्माण कार्य गरिएको छ। “यसवाट नगर सफा राख्न सहयोग त हुने नै भयो यसका अलवा केहि रोजगारी समेत सृजना हुन सक्ने अवस्था रहेको”कुरा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत टेक वहादुर खत्री वताउनु हुन्छ।

## वीरेन्द्रनगर नगरपालिकामा अक्सिजनसहित २५ शैयाको कोभिड अस्पताल स्थापना ....



कोभिड अस्पतालको शुभारम्भ गर्दै नगर प्रमुख देव कुमार सुवेदी र उप प्रमुख मोहनमाया ढकाल ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १ को दास्रो लहर तिब्र रुपमा फैलिएसंगै कर्णाली प्रदेशको राजधानी सुर्खेतमा रहेको वीरेन्द्रनगर नगरपालिकाले आफ्नो पहलमा कोभिड अस्पतालको स्थापना गरेको छ। २५ शैयाको अस्पतालमा अक्शिजनको समेत व्यवस्था गरेको छ। साविकको कटकुवा स्वास्थ्य चौकीमा अक्सिजन सहित डाक्टर तथा नर्सको सेवा उपलब्ध रहने व्यवस्था गरिएको छ। प्रतिदिन बढ्दै गएको संक्रमणको दरलाइ ध्यानमा राखेर अस्पतालके स्थापना भएके हे। नगर बासिहरुलाई अति आवश्यक काम् बाहेक बाहिर नजान र स्वास्थ सम्बन्धि कुनै समस्या भएमा फोनबाट तथा नजिकको स्वास्थ केन्द्र तथा अस्पतालमा सम्पर्क गर्न व्यवस्था मिलाएको छ। .

त्यसैगरी नगर कोभिड नियन्त्रण व्यवस्थापन समितिमार्फत नि:शुल्क एम्बुलेन्स, विरामीलाई खाना, औषधिको व्यवस्थापनका साथै कोरोना संक्रमण भएर मृत्यु भएकाहरुको व्यवस्थापन काम समेत भइरहेको छ।

वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी भएका कारण विभिन्न जिल्लाहरूवाट संक्रमित विरामीहरू आउने हुँदा विरामीको चाप हुने र प्रदेश राजधानीले अहिले अक्सिजनको समस्या भोगिरहेको अवस्थालाइ मध्यनजर गर्दै नगरपालिकाले आफैले चौधरी फाउन्डशनको सहकार्यमा अक्सिजन प्लान्ट स्थापनाका लागि प्रक्रिया अघि बढाएको। अक्सिजन प्लान्ट स्थापना भएपछी अहिले रहेको २५ वेडलाइ ५० बेडमा विस्तार गर्ने नगरपालिकाको योजनामा रहेको छ।

सम्भावित कोरोनाको तेस्रो लहरको नियन्त्रणका लागि पनी नगरपालिकाले तयारी गरेको गरेको छ। विगतको वर्ष र अहिलेको जस्तो नअल्मलिएर यसका लागि आगामी आर्थिक वर्षका लागि बजेट छुट्याउने, औषधि, अस्पताल र बेडको व्यवस्थापन गर्नेलगायतका तयारी गरिएको नगर प्रमुख देव कुमार सुवेदी वताउछन्। यसका साथै नगरपालिकाले टोल विकास संस्था, नागरिक समाजका अंगहरु, महिला स्वास्थ्य स्वयम्सेवीकाहरुलाई अझ सक्रिय बनाएको छ। .

*कुराकानी र समाचारमा आधारित...*



सवै वडामा वडाध्यक्षको संयोजकत्वमा  सवै सरोकारवालाहरु परिचालन गरिएको छ ... भावना भण्डारी, उप प्रमुख ,भेरी नगरपालिका

☞ **नयाँ भेरियन्ट सहित दोस्रो चरणको कोरोना महामारीको व्यवस्थापन कसरी गर्नुभएको छ ?**

यस सम्वन्धमा हामीले ४/५ वटा कार्यहरु गरेका छौं । . जिल्लाको सन्दर्भमा उच्च जोखिममा रहेको यस नगरपालिकामा परिक्षणको दायरालाइ फराकिलो वनायौं ।

मिति २०७८ साल जेठ १९ गते सम्मको कोभिड-१९ को रिपोर्ट

| | PCR / Antigen Report | | | Personal Isolation Report | |
|---|---|---|---|---|---|
| 19/2/2078 | PCR | Total Test | 598 | Home | 201 |
| | | Positive | 333 | Discharge | 324 |
| | | Negative | 265 | Refer | 0 |
| | | Pending | 0 | Death | 2 |
| | | | | Official Isolation | |
| | Antigen | Total Test | 702 | Isolation | 1 |
| | | Positive | 224 | Refer | 5 |
| | | Negative | 470 | Discharge | 26 |
| | | Repeated case | 8 | | |

| | | | |
|---|---|---|---|
| Danger Zone | Total Positive | 557 | |
| Warning Zone | Total Isolation | 202 | |
| Safe Zone | Total Discharge | 350 | भेरी नगरपालिका |

**आईसोलेसन व्यवस्थापन:** संक्रमित देखिएका तर सामान्य रहेका संक्रमितको हकमा स्वास्थ्यकर्मी मार्फत परामर्श तथा रेखदेखको  सहित होम आईसोलेसनमा वस्ने व्यवस्था गरिएको छ । संक्रमणवाट उच्च जोखिममा रहेका संक्रमितहरुकोलागि अक्सिजन सिलिण्डर सहित १४ वेड क्षमता वरावरको  नगरपालिका स्तरीय आईसोलेसन कक्षको व्यवस्था गरिएको छ । र विरामीको चापलाई ध्यानमा राखेर विद्यालय भवन प्रयोग गरेर अल्पकालिन व्यवस्थापन गरिएको छ

**सामाग्री व्यवस्थापन व्यवस्थापन:** कोभिड महामारी नियन्त्रण गर्न नगरपालिका मातहतमा कार्यरत स्वास्थ्यकर्मी वाहेक सम्पूर्ण जनप्रतिनिधि,शिक्षक र कर्मचारीहरुको २(दुई) दिनको तलव/सुविधा वापत जम्मा हुन आउने रकम **रु ७ लाख**  विपद व्यवस्थापन कोषमा जम्मा गरिएको छ । जिल्ला प्रशासन कार्यालय जाजरकोटको  सहयोग र समन्वयमा ठूलो साईजको २ र सानो साईजको ६ ओटा गरी जम्मा ९ थान अक्सिजन सिलण्डर नेपालगन्ज बाँकेवाट खरिद गरियो र ४० वटा अक्सिजन सिलण्डर  सांसद विकास कोषबाट उपलब्ध भयो । त्यसैगरि जयगुरुदेव ग्रील उध्योग खलंगा -४ का संचालक श्री नेतराम यादव वाट सहयोग वापत उपलब्ध ठूलो साईजको थान -१ सिलिण्डर गरी हाललाई जम्मा ९ (नौ) थान अक्सिजन सिलिण्डरको व्यवस्था गरेका छौं  । महामारी र संक्रमितहरुको अवस्थालाई ध्यानमा राखी आवश्यक औषधीहरु तथा सुरक्षणका सामग्रीहरु (सेनिटाईजर, मास्क पीपी सेट,अक्सिमिटर आदि..) नगरपालिका मातहतका ५ स्वास्थ्य चौकी र ७ आधारभूत वडा स्वास्थ्य सेवा केन्द्र गरी जम्मा १२ वटा स्वास्थ्य संस्थामा पठाएका छौं भने आवश्यक औषधीको प्रयाप्त व्यवस्थापन गरिएको छ ।

**जनशक्ति परिचालन /परीक्षण:** कोभिड-१९ महामारी नियन्त्रणलाई ध्यानमा राखि संक्रमित व्यक्तिहरु लगायत समग्र व्यवस्थापनको रेकर्डिङ्ग/रिपोर्टिङ्ग गर्ने व्यवस्था मिलाएका छौं भने सवै वडामा वडाध्यक्षको संयोजकत्वमा  सरोकारवाला सवै ( सम्पूर्ण जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्थानीय सुरक्षाकर्मी,शिक्षक, विभिन्न गैससका प्रतिनिधि ,स्थानीय युवाक्लव, महिला स्वयंसेविका तथा आमासमूहहरु) लाई परिचालन गरिएको छ ।

**एम्वुलेन्स सेवा तथा सवारी साधन व्यवस्थापन:** कोभिड संक्रमित व्यक्तिहरुलाई उपचारकोलागि ओसार पसार गर्न नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा जाजरकोटको  नाममा रहेको एम्वुलेन्सलाई आषाढ मसान्त सम्मकोलागि भाडामा लिएका छौं र संक्रमितहरु वढ्न सक्ने चापलाई ध्यानमा राखि जिल्ला स्वास्थ्य सेवा कार्यालयको एम्वुलेन्स समेत परिचालन गरिने व्यवस्था मिलाईएका छौं । माहामारीको चापलाई ध्यानमा राखेर सामाग्री ओसार पसार तथा अनुगमन गर्ने कार्यकालागि  नगर प्रमुख चढ्ने गाडि समेत परिचालन गरिएको भने नगरपालिकाको एम्वुलेन्स सेवा  तथा सव-वाहान सेवा संचालनकोलागि एम्वुलेन्स तथा सव -वाहान  खरिद प्रक्रियाको अन्तिम चरणमा रहेको छ ।

☞ **महामारी नियन्त्रणमा स्थानीय प्रशासन,स्वास्थ्य संस्था,संघ/प्रदेश सरकार तथा अन्य सरोकार संघ संस्थाहरुको समन्वय/ सहयोग कस्तो रहेको पाउनु भयो ?**

जिल्ला प्रशासन कार्यालय जाजरकोट, सांसद विकास कोष, रेडक्रस सोसाईटी, व्यापारीको सहयोगमा अक्सिजन सिलण्डर, एम्वुलेन्सको व्यवस्थापन भएको छ । सुरक्षाकर्मी,शिक्षक, विभिन्न गैससका प्रतिनिधि ,स्थानीय युवाक्लव, महिला स्वयंसेविका तथा आमासमूहहरु यस माहामारी विरुद्ध हातेमालो गर्दै हुनुहुन्छ ।

☞**प्रतिकार्य र व्यवस्थापनमा आएका प्रमुख चुनौतीहरु के के हुन?**

चुनौतिको कुरा गर्दा मुलभुत रुपमा ३ वटा चुनौतिहरु देखिएका छन् ..

- कोरोना भाईरसको टेष्टको निम्ति एन्टिजिन किट तथा भि.टि.एम. अभावको कारण परिक्षणको दायरा बढाउन सकिएको छैन ।
- गाँउ गाँउमा कोरोना भाईरसको जनचेतना हुदा पनि ग्रामिण स्तरमा व्यवहार परीवर्तनमा हुन सकिरहेको छैन ।
- पोजेटिभ केस होम आईसोलेसनमा कम्तिमा १४ दिन बस्नु पर्ने मापदण्डमा रहेको हुदा पनि नबसि दैनिक कार्य गर्ने हुँदा पोजेटिभ केस बढेको छ ।